# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु लालबाबु साह गोल्दार, राजेश्वर प्रसाद चौरसियासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

**प्रतिवादी लालबाबु साह गोल्दारले** राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज लालबाबु साह गोल्दारउपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवतबापत दिएको रकम रू.२,८०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।- समेत गरी रू.४,९९,०३०।-(चार लाख उनान्सय हजार तीस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.२,८०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी गरेको विगो रू.२,१९,०३०।— (दुई लाख उन्नाईस हजार तिस) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन,

**प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निज प्रतिवादी राजेश्वर प्रसाद चौरसियाउपर दस्तुरको बहानामा घुस/रिसवतबापत लिएको रकम रू.२,८०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।—समेत गरी रू.४,९९,०३०।-(चार लाख उनान्सय हजार तीस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.२,८०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी पुगेको विगो रू. २,१९,०३०।—(दुई लाख उन्नाईस हजार तिस ) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन,,

प्रतिवादीहरु महेश प्रसाद यादव र लालबाबु साह गोल्दारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु महेश प्रसाद यादव र लालबाबु साह गोल्दारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।- विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन,

मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।०९।२२ को फैसलाबाट आंशिक कसुर ठहर गरेको।

- प्रतिवादीहरु लालवावु साह गोल्दार र राजेश्वर प्रसाद चौरासियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी लालबाबु साह गोल्दारले शिक्षकको रुपमा तलब भत्ता वापत रु.२,१९,०३०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारलाई हानि नोक्सानी पु-याएको तथा उक्त कार्य वापत प्रतिवादी लालबावु साह गोल्दार दिने र राजेश्वर प्रसाद चौरासियाले लिने भई रिसवत बापत रु.१७,०००/- लेनदेन गरेको समेत देखिन आएको।निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), उपदफा (३) एवं दफा १७ विपरीत कसूर गरेको देखिन आएकोले सोही ऐनको दफा १७ बमोजिम प्रतिवादीहरुबाट बिगो वापत जनही रु.१,०९,५१५/- असुल गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम रिसवत समेतको जनही जरिबाना रु.१,१८,०१५/- तथा खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने समेत ठहर्छ। अर्का प्रतिवादीहरु महेश यादव भन्ने महेश प्रसाद यादव तथा लालबाबु साह गोल्दारले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नभएकोले निजका हकमा अभियोग दावी पुग्न नसक्ने
- प्रतिवादी फिरोज आलमले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य ईन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएको देखिएकोमा अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१७,०००।- लाई नै रिसवतको विगो कायम गर्न न्यायोचित हुने देखियो।
- प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नकली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसंग उठाईएको दुवै विद्यालयसँग निज सम्बन्धित भएको नदेखिंएको।
- प्रतिवादी हकीम अन्सारीका हकमा निज जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा प्रधानाध्यापक भएपनि राहत शिक्षक भएको देखिएको। विवादित नियुक्ति पत्र र सरुवा पत्र तयार गर्दा यी प्रतिवादीको यो यसरी भूमिका भएको भन्ने नदेखिंएको । नियुक्ति प्राप्तकर्ता सह प्रतिवादीले पनि निजले उक्त कार्यमा यसरी सहयोग गरेको भनी लेखाएको नदेखिंएको।

उक्त फौसलामा देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।२७ मा पुनरावेदन गरिएको छ।

क. प्रतिवादी लालबाबु साह गोल्दारले अनुसन्धान अधिकारी समक्षको बयानमा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय, पर्साको अभिलेख कायम गरी दरबन्दीसहित जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू.२,८०,०००।- लिएर उपलव्ध गराएका हुन् भनी खुलाईदिएबाट कुनैपनि परीक्षाहरू नदिइ दस्तुरको बहानामा रू.२,८०,०००।- विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूको आधारमा जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको भनी बयानमा उल्लेख गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी लालबाबु साह गोल्दारले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र लालबाबु साह गोल्दारले घुस/रिसवत लिएको/दिएको रकम रु.२,८०,०००।-(दुई लाख असी हजार)

कायम गरी सजाय गर्नु पर्नेमा अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१७,०००।- लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी अदालतले घुस/रिसवत बापतको रकमको बिगो कायम गर्दा लिएको आधार भनेकै अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई नै लिएको देखिएकोमा स्वयम् प्रतिवादी लालबाबु साह गोल्दारले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. २,८०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई १७,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको।

ख. अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरु लालबाबु साह गोल्दार र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुऱ्याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा खुलाईदिएका बयानमा व्यक्ति र कागजातहरू समेत लिइ आउने र आफूलाई सहयोग बापत रकम उपलव्ध गराउने व्यक्ति ने.रा.मा.वि., सेढ्वा विर्ता, पर्साका भु.पु.प्र.अ. भएको भनी खुलाईदिएको। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिई आफूलाई सहयोग गर्ने व्यक्ति भनी खुलाईदिए अनुसार निज महेश प्रसाद यादव र हकिम अन्सारीले विभिन्न व्यक्तिहरू लिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरू उपलव्ध गराउनमा सघाउ पुऱ्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरूका आधारमा आफू अनुकुलका व्यक्तिहरूले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैरकानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीले विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रहेको अवस्थामा सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको।

प्रवक्ता<br>
नरहरि घिमिरे

<u>**देहायः**</u>

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. राजेश्वर प्रसाद चौरासिया ,लालबाबु साह गोल्दार ,महेश प्रसाद यादव र हकिम अन्सारी** (वि.अ. को मु.नं. **०७६-CR-००८६**), वि.अ. को फैसला मिति २०८०।०९।२२ ) | **घुस रिसवत लिई नक्कली तथा गलत कागजातहरु को आधारमा शिक्षक नियुक्ति गरी तलव भत्ता समेत भुक्तानी दिई नेपाल सरकारलाई हानीनोक्सानी पुर्‍याई भ्रष्टाचार गरेको** | प्रतिवादी लालबाबु साह गोल्दारले राष्ट्रसेवकलाई दस्तुरको बहानामा घुस रिसवत दिइ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिँदा निज लालबाबु साह गोल्दारउपर दस्तुरको बहानामा राष्ट्रसेवकलाई घुस रिसवतबापत दिएको रकम रू.२,८०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुर्‍याएको रकम रू.२,१९,०३०।- समेत गरी रू.४,९९,०३०।-(चार लाख उनान्सय हजार तीस) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस रिसवत दिएको रकम रू.२,८०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी गरेको बिगो रू.२,१९,०३०।– (दुई लाख उन्नाईस हजार तिस) ऐ. ऐनको दफा १७ बमोजिम | **फैसलाः**<br>प्रतिवादीहरु लालवावु साह गोल्दार र राजेश्वर प्रसाद चौरासियाको मिलोमतोमा नक्कली कागजात बनाई प्रतिवादी लालबाबु साह गोल्दारले शिक्षकको रुपमा तलब भत्ता वापत रु.२,१९,०३०/- भुक्तानी लिई बदनियतपूर्वक नेपाल सरकारको हानि नोक्सानी पु-याएको तथा उक्त कार्य वापत प्रतिवादी लालबाबु साह गोल्दार दिने र राजेश्वर प्रसाद चौरासियाले लिने भई रिसवत बापत रु.१७,०००/- लेनदेन गरेको समेत देखिन आयो। निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), उपदफा (३) एवं दफा १७ विपरीत कसूर गरेको देखिन आएकोले सोही ऐनको दफा १७ बमोजिम प्रतिवादीहरुबाट बिगो वापत जनही रु.१.०९.५१५/- असुल गरी निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम रिसवत समेतको जनही जरिबाना रु.१,१८,०१५/- तथा खण्ड (घ) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने समेत ठहर्छ । अर्का प्रतिवादीहरु महेश यादव भन्ने महेश प्रसाद यादव तथा लालबाबु साह गोल्दारले मतियारको भूमिका निर्वाह गरेको तथ्य सबुत प्रमाणबाट पुष्टि हुन नभएकोले निजका हकमा अभियोग दावी पुग्न नसक्ने ठहर्छ भनी मिति २०८०/०९/२२ मा फैसला भएको देखिन्छ।<br>**विशेष अदालत काठमाडौंले फैसला गर्दा निम्न आधार ग्रहण गरेको देखिन्छः**<br>**क.** जिल्ला शिक्षा कार्यालय पर्साको च.नं. २४६९ मिति २०७४।१।१९ को पत्रले श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा दरवन्दि सहित सरुवा अभिलेख कायम गरिएको पत्र समेत पेस गरी बहाल भएको देखिन्छ । तर जिल्ला शिक्षा कार्यालयको चलानी किताबबाट उक्त च. नं. २४६९ को पत्र मिति २०७४।१।१५ मा चलानी भएको र दिव्यज्ञान एकेडेमी इनर्वा वीरगंजलाई लेखिएको पत्र चलानी भएको भनी लेखिई आएको देखिन्छ । यसबाट उल्लिखित नियुक्ति एवं अभिलेख राखिएको र सरुवा गरिएको पत्र समेत नक्कली भएको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आयो ।<br>ख. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको कार्य जिम्मेवारी र हैसियत यो कसूरसँग सम्बन्धित नै नरहेको अवस्था | क. प्रतिवादी लालबाबु साह गोल्दारले अनुसन्धान अधिकारी समक्षको बयानमा मैले शिक्षक नियुक्तिको लागि आवेदन नदिएको, छनौट परीक्षामा सहभागी समेत नभइ विद्यालयको नियुक्तिपत्र, जिल्ला शिक्षा कार्यालय, पर्साको अभिलेख कायम गरी दरबन्दीसहित श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा सरुवा भएको पत्रसमेतका कागजातहरू जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत विद्यालय निरीक्षक राजेश्वर प्रसाद चौरसियाले विभिन्न दस्तुरहरूको बहानामा रू.२,८०,०००।- लिएर उपलव्ध गराएका हुन् भनी खुलाईदिएबाट कुनैपनि परीक्षाहरू नदिइ दस्तुरको बहानामा रू.२,८०,०००।- जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियालाई घुस रिसवत दिएर निजबाट गलत तथा नक्कली कागजातहरू प्राप्त गरी सोही गलत तथा नक्कली पत्रहरूले श्री जनसेवा प्रा.वि. जगरनाथपुर सिरा पर्सामा राहत शिक्षकको पदमा कार्यरत रहेको भनी बयानमा उल्लेख गरेको देखिएबाट प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी लालबाबु साह गोल्दारले अनुसन्धानको बयानमा व्यक्त गरेको कुरालाई प्रमाणमा लिई आरोपदावी बमोजिम प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र लालबाबु साह गोल्दारले घुस/रिसवत लिएको/दिएको रकम रु.२,८०,०००।-(दुई लाख असी हजार) कायम गरी सजाय गर्नु पर्नेमा विशेष अदालतले फैसला गर्दा समेत अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१७,००० । लाई नै रिसवतको बिगो कायम गर्न न्यायोचित हुने देखियो भनी फैसला गरेको देखिन्छ।विशेष अदालतले घुस/रिसवत बापतको रकमको कम बिगो कायम गर्दा लिएको आधार भनेकै अनुसन्धान अधिकारी समक्ष गरेको बयानलाई नै लिएको देखिएकोमा स्वयम् प्रतिवादी लालबाबु साह गोल्दारले प्रतिवादी राजेश्वर प्रसाद चौरासियालाई पटक पटक गरी मसंगबाट रु. २,८०,०००।- रिसवत लिएको भनी अनुसन्धानको अधिकारी समक्ष गरेको बयानलाई विशेष अदालतले प्रमाणमा नलिई केवल मात्र १७,०००/- घुस/रिसवत बापतको बिगो कायम गरी गरेको फैसला त्रुटीपुर्ण रहेको हुँदा प्रतिवादीहरु राजेश्वर प्रसाद चौरासिया र लालबाबु साह गोल्दारको हकमा घुस/रिसवत बापत लिए/दिएको रकम नगद रु. २,८०,०००।— लाई बिगो कायम गरी आरोपपत्र मागदावी बमोजिम हुन पुनरावेदन गर्ने,<br><br>ख. प्रतिवादी लालबाबु साह गोल्दारले अनुसन्धानको क्रममा बयान गर्दा राजेश्वर प्रसाद चौरसियालाई विभिन्न किसिमका दस्तुरहरुको बहानामा पटक पटक गरी मसंगबाट रु. २,८०,०००।- रिसवत लिएको भनी बयान गरेको अवस्थामा प्रतिवादीहरु लालबाबु साह गोल्दार र राजेश्वर प्रसाद चौरसिया बिच घुस/रिसवत बापत रु. २,८०,०००।— लिए/दिएको पुष्टी हुन्छ। अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार पनि निज उपर नै हुन्छ भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) भएको अवस्थामा प्रतिवादीहरु लालबाबु साह गोल्दार र राजेश्वर प्रसाद चौरसियाले घुस/रिसवत नलिए/नदिएको कुराको प्रमाण पुर्‍याउने भार निजहरुमा निहित हुनेमा निजहरुले घुस/रिसवत नलिएको/नदिएको कुनै प्रमाण पेश गर्न नसकेको देखिदाँ प्रतिवादीहरु लालबाबु साह गोल्दार र राजेश्वर प्रसाद चौरसियालाई घूस/रिसवत लिए/दिएको तर्फको आरोपपत्र मागदावीमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>ग. प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले अनुसन्धानको क्रममा खुलाईदिएका बयानमा व्यक्ति र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | असुलउपर हुन मागदावी लिईएको, प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ द्वारा परिभाषित कसुरसमेत गरेको देखिन आएकोले निज प्रतिवादी राजेश्वर प्रसाद चौरसियाउपर दस्तुरको बहानामा घुस/रिसवतबापत लिएको रकम रू.२,८०,०००।- र नक्कली तथा गलत कागजातहरूबाट विद्यालयमा कार्यरत रही तलव भत्ता बुझिलिई नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।–समेत गरी रू.४,९९,०३०।-(चार लाख उनान्सय हजार तीस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा १७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय गरी घुस/रिसवत लिएको रकम रू.२,८०,०००।- ऐ. को दफा ३ को उपदफा (१) बमोजिम असूल गरी जफत हुन र नेपाल सरकारलाई हानिनोक्सानी पुगेको विगो रू. २,१९,०३०।–(दुई लाख उन्नाईस हजार तिस ) ऐ. ऐनको दफा १७ बमोजिम असुलउपर हुन मागदावी लिईएको, प्रतिवादीहरु महेश प्रसाद यादव र लालबाबु साह गोल्दारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ | होईन । निजको जिल्ला शिक्षा कार्यालय सम्मको पहुँच, शिक्षकहरुको दरबन्दी र अभिलेखको पहुँच, पारिश्रमिकको सिफारिस गर्दा शिक्षकको नाम सहितको सूची बनाउनु पर्ने कर्तव्य भएकोमा नबनाई गोश्वारा रकमको सिफारिस गरेको अवस्था एवं यो मुद्दा र लगाउमा रहेका समग्र मुद्दाहरुको स्थिति मध्येनजर गर्दा विवादित नक्कली कागजातहरु बनाई प्रतिवादी लालबाबु प्रसाद गोल्दारलाई श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा शिक्षक पदमा तलव भत्ता भुक्तानी गरेको आरोपित कसूरमा यी प्रतिवादीहरु हकीम अन्सारी र राजेश्वर प्रसाद चौरसियाको संलग्नता देखिन आयो ।<br>ग. प्रथमतः नक्कली कागजातका आधारमा शिक्षक पदको तलव भत्ता भुक्तानी भएको तथ्य स्थापित भैसकेको छ । राष्ट्रसेवकले यस प्रकारको भ्रष्टाचारजन्य कार्य गर्दा कुनै सबुत प्रमाण छाड्ने स्थिति सामान्यतया हुँदैन । नक्कली नियुक्ति र सरुवा पत्र नै तयार गरी त्यस्ता कागजातका आधारमा पारिश्रमिक भुक्तानी लिने कार्य सामान्य नभई जोखिमपूर्ण कार्य नै हुन्छ । यस्तो जोखिमको प्रत्यक्ष संरक्षण सम्वन्धित संस्थाका प्रमुख र खर्च लेख्ने अधिकारी एवं अनुगमन नियमन गर्ने अधिकारीबाट नै सम्भव हुन्छ । प्रतिवादी फिरोज आलमले यस अदालतमा बयान गर्दा आफूले कुनै रकम दिएको र प्रतिवादी राजेश्वर प्रसाद चौरसियाले लिएको तथ्य ईन्कारी गरेको भएपनि अनुसन्धान अधिकारी समक्ष रकम लेनदेन भएको तथ्य उल्लेख भएको देखिन्छ । विना फाईदा यस्तो जोखिमपूर्ण कार्य गरिने र गराईने पनि हुँदैन । लगाउमा रहेका ०७६-CR- ००८९, ०७६-CR- ००९२, ०७६-CR-०१०३, ०७६-CR- ०१०४, ०७६-CR- ०१०५. ०७६-CR- ०१०६ लगायत मुद्दामा आफूले रकम लिएको तथ्य प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले पनि स्वीकार गरेको पाईन्छ । तसर्थ अनुसन्धान अधिकारी समक्षको बयानमा प्रतिवादी राजेश्वर प्रसाद चौरसिया स्वयंले प्रतिवादी फिरोज आलमले दिएको भनी लेखाएको रु.१७,०००।- लाई नै रिसवतको विगो कायम गर्न न्यायोचित हुने देखियो ।<br>घ. अर्का प्रतिवादी महेश यादव भन्ने महेश प्रसाद यादवका हकमा निज श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सेडवा विर्ता पर्साका भु.पू. प्रधानाध्यापक भएको देखिन्छ । निज उपर कर्मचारीसँगको मिलेमतोमा गलत तथा नकली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको | कागजातहरू समेत लिइ आउने र आफूलाई सहयोग बापत रकम उपलब्ध गराउने व्यक्ति श्री ने.रा.मा.वि., सेढ्वा विर्ता, पर्साका भु.पु.प्र.अ. महेश यादव र हकिम अन्सारी हुन् भनी खुलाईदिएको देखिन्छ। मुख्य आरोपी राजेश्वर प्रसाद चौरसियाले सनाखत समेत गरिदिई आफूलाई सहयोग गर्ने व्यक्ति भनी खुलाईदिए अनुसार निज महेश प्रसाद यादव र हकिम अन्सारीले विभिन्न व्यक्तिहरू लिई गई राजेश्वर प्रसाद चौरसियाबाट नक्कली तथा गलत कागजातहरू उपलव्ध गराउनमा सघाउ पुऱ्याउने कार्य गरी सोही नक्कली तथा गलत कागजातहरूका आधारमा आफू अनुकुलका व्यक्तिहरूले समेत तलव भत्ता भुक्तानी प्राप्त गर्ने गरी निकासा पठाउन तलव भत्ता निकासा सिफारिस गरी गराई निज राजेश्वर प्रसाद चौरसियालाई गैरकानूनी लाभ उपलव्ध गराउने काम गरेको खुल्न आएकोले राष्ट्रसेवक कर्मचारीसँगको मिलेमतोमा गलत तथा नक्कली कागजातहरूका आधारमा विभिन्न व्यक्तिहरूलाई शिक्षकको रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन गैरकानूनी लाभ प्राप्त गर्न प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीले जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखाका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको पुष्टी भै रेहेको अवस्थामा प्रमाण ऐन २०३१ को दफा ९ तथा *अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति पाउन वा सजायमा कमी वा छुट पाउने जिकीर लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार पनि निज उपर नै हुन्छ* भनी सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प २०६७ भाग ५२ अंक ४ निर्णय नं. ८३४०) को मुल्याङ्कन नै नगरी विशेष अदालतबाट प्रतिवादीहरु महेश प्रसाद यादव र हकिम अन्सारीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपुर्ण रहेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिमको कसुरमा मतियार हुने कार्य कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरु महेश प्रसाद यादव र लालबाबु साह गोल्दारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको रकम रू.२,१९,०३०।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिईएको | रूपमा तलव भत्तासमेत भुक्तानी दिलाउन शिक्षा अधिकृत (विद्यालय निरीक्षक) प्रतिवादी राजेश्वर प्रसाद चौरसियाको सहयोगी मतियारको भूमिकामा निर्वाह गरेको भन्ने आरोप रहेकोमा यस मुद्दामा प्रसंग उठाईएको दुवै विद्यालयसँग निज सम्बन्धित भएको देखिंदैन । प्रतिवादी लालबाबु साह गोल्दार स्वयंको अनुसन्धान अधिकारी तथा यस अदालत समक्षको बयानबाट पनि निजको संलग्नता खुल्दैन । निजको संलग्नता पुष्टि हुने अन्य मनासिव कारण र आधार समेत मिसिलबाट देखिन आउंदैन । तसर्थ आफ्ना हकमा ईन्कारी बयान गर्ने राजेश्वरप्रसाद चौरसियाको अनुसन्धान अधिकारी समक्षको बयान मात्रको आधारमा यी प्रतिवादी महेश प्रसाद यादवको संलग्नता भएको भन्न मिलेन ।<br>ङ.प्रतिवादी हकीम अन्सारीका हकमा निज श्री जनसेवा प्राथमिक विद्यालय जगरनाथपुर सिरामा प्रधानाध्यापक भएपनि राहत शिक्षक भएको देखिन्छ । विवादित नियुक्ति पत्र र सरुवा पत्र तयार गर्दा यी प्रतिवादीको यो यसरी भूमिका भएको भन्ने देखिंदैन । नियुक्ति प्राप्तकर्ता सह प्रतिवादीले पनि निजले उक्त कार्यमा यसरी सहयोग गरेको भनी लेखाएको देखिंदैन । मूल्याङ्कनकर्ता र समन्वयकर्ताको रुपमा रहेका शिक्षा अधिकृत राजेश्वर प्रसाद चौरसियाको संलग्नता पुष्टि भैसकेको छ । निजले नै अनुसन्धान अधिकारी समक्ष बयान गर्दा यी प्रतिवादीले सम्पूर्ण कागजात लिई आई आग्रह गरेको हुँदा सिफारिस गरेको हुँ भनी लेखाएको बाहेक निजको मतियारको रुपमा संलग्नता पुष्टि हुन आउँदैन । | |